स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ

बुढानीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हातीगौडा, काठमाडौं

बागमती प्रदेश, नेपाल

टोल फि नं. १६६००१०००३२

फोन नं. ०१-४३७२७२५

हार्दिक श्रद्धाञ्जली

बुढानीलकण्ठ नगरपालिका वडा नं. ९ का पुर्व वडा अध्यक्ष श्री राजेन्द्र सापकोटाज्यूकी ममतामयी माता श्री सुमित्रा सापकोटाको आज भएको दुःखद निधनको खबरले बुढानीलकण्ठ नगरपालिका परिवार स्तब्ध एवं मर्माहत भएको छ । स्वर्गीय सुमित्रा सापकोटाले आफ्नो जीवनकालमा परिवार प्रति देखाउनु भएको माया, ममता, त्याग र समर्पण सदैव स्मरणीय रहनेछन् । उहाँको निधनले परिवारमा सिर्जना गरेको अपूरणीय क्षतिप्रति हामी गहिरो दुःख व्यक्त गर्दछौँ । यस दुःखद घडीमा दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त राजेन्द्र सापकोटाज्यू लगायत सम्पूर्ण परिवारजन, आफन्त तथा इष्टमित्रहरूमा हार्दिक समवेदना प्रकट गर्दछौँ । साथै, यस असह्य पीडालाई सहन सक्ने साहस प्राप्त होस् भन्ने कामना गर्दछौँ । **दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ।**

०१/०८/०८२

नवराज भट्टराई
का.वा नगर प्रमुख